# स्थानीय राजपत्र

नौकुण्ड गाउँपालिका, रसुवाद्वारा प्रकाशित

| खण्ड १ | संख्या ११ | मितिः २०७६।०४।०१ |
|---|---|---|

**भाग १**

**नौकुण्ड गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन संख्या ११

# नौकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नौकुण्ड गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

नौकुण्ड गाउँपालिका, रसुवा

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम नौकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन नौकुण्ड गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले नौकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले नौकुण्ड गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले नौकुण्ड गाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त नौकुण्ड गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

नौकुण्ड गाउँपालिका, रसुवा

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही नौकुण्ड गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**प्रमाणीकरण मितिः २०७६।०३।३१**

**आज्ञाले,**
**लोकहरी थापा**
**प्रमुख प्रशासकीय अधिकृत**

नौकुण्ड गाउँपालिका, रसुवा